# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ८, अंक २८, २०७८ माघ ११ मंगलवार (Jhuleni Post Weekly) 25 Jan. 2022 पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क


०८६-५९०४३६


कार्यालय : प्यूठान न.पा.-४, बिजुवार


Email : jhulenipyuthan@gmail.com


### नियन्त्रणको पूर्व तयारी छैन

## समुदायमा फैलिदै भाइरसको नयाँ भेरियन्ट







**झुलेनी पोष्ट**
**प्यूठान**

कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण समुदाय स्तरमै फैलिदै गएको छ । संक्रमण दिनदिनै बढ्दै जाँदा गाउँगाउँमा कोरोना संक्रमणका विरामी भेटिन थालेका छन् । संक्रमण नियन्त्रण गर्न स्थानीय सरकारहरुले गरेको पूर्वतयारी भने निकै न्यून छ । पुस २५ गते नयाँ १ जनामा संक्रमण पुष्टि भएकोमा २ हप्तामै माघ १० गतेसम्म सक्रिय संक्रमित २ सय २७ जना पुगेको जिल्ला स्वास्थ्य कार्यालय प्यूठानले जनाएको छ। कार्यालयका अनुसार पुस २६ पछि संक्रमितको संख्यामा दिनप्रतिदिन बृद्धि हुँदै गएको हो ।

बिभिन्न हेल्थ डेस्कमा परीक्षण गर्दा पुस २९ गते ७ जना, ३० गते ११ जना, माघ ३ गते ३४ जना, माघ ४ गते २७ जना, माघ ५ गते ३० जना, माघ ६ गते ४१ जना, माघ ८ गते ४१ जना, माघ ९ गते २५ जना र माघ १० गते ३२ जना संक्रमित भेटिएका हुन । जिल्लाका बिभिन्न स्वास्थ्य संस्थामा जाँच गरीएको पीसीआर र एन्टिजेन परीक्षणको आधारमा जिल्लाभर हालसम्म ४ हजार २ सय १८ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय प्यूठानका कोभिड फोकल पर्सन पुस्कल प्रसाद श्रेष्ठले जानकारी दिए । दैनिक वृद्धि भइरहेको कोरोना संक्रमितको तथ्याङ्क केलाउँदा यो भेरियन्ट देशभर फैलिइरहँदा प्यूठानको गाउँबस्तीसम्म फैलिदै गएको पुष्टी भएको श्रेष्ठले बताए । समुदायस्तरमै ओमिक्रोन फैलिइसकेका कारण थप जीन (सिक्वेन्सिङको) आवश्यकता नरहेको इपिओडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको कार्यालयका निमित्त प्रमुख मधुसुदन खड्काले बताए। ओमिक्रोन भेरियन्ट डेल्टा भन्दा निकै फरक रहेकाले यो भेरियन्टले एक जना संक्रमितबाट १२ जनासम्मलाई संक्रमित बनाउने क्षमता राख्ने खड्काले जानकारी दिए ।

'प्यूठानमा संक्रमणको दर ह्वात्तै बढ्न थालेको छ', खड्काले भने, 'घरघरमा बिरामी भेटिदै छन्।' अहिलेको जस्तै संक्रमण दर बढ्दै जाने हो भने केही दिनमै संक्रमितको संख्या 'पिक' मा पुग्न सक्ने प्रमुख खड्काको भनाई छ ।

## प्रशासनको सेवा स्थगित


जिल्ला प्रशासन कार्यालय प्यूठानले आइतवारदेखि सेवा स्थगित गरेको छ। कार्यालयमा कार्यरत कर्मचारीहरुमा कोरोना संक्रमण भेटिएका कारण अत्यावश्यक बाहेक अन्य सेवा बन्द गरीएको प्रमुख जिल्ला अधिकारी खिमप्रसाद भुसालले जानकारी दिए। उनका अनुसार शान्ति सुरक्षा, मुद्दा थुनछेक आदेश र तयारी भइ आएका राहदानी वितरण बाहेकका सम्पूर्ण सेवा स्थगित गरीएको हो । कोरोना संक्रमण भएका कर्मचारीहरु अहिले होम आइसुलेसनमा रहेकोले १५ गतेसम्का लागि सेवा स्थगित गरिएको छ । त्यसबाहेक १६ गतेपछिबाट नियमित अन्य सेवा सुचारु हुने प्रशासन कार्यालयले जनाएको छ । संक्रमितहरु बढेसँगै प्रशासन कार्यालयले २५ जना भन्दा बढी भेला नहुन र पार्टीका कार्यक्रम, सभा, मेला महोत्सव नगर्न नगराउन आग्रह गरेको छ । जिल्ला प्रहरी कार्यालय प्यूठान मातहतका इकाइहरुले कोरोना संक्रमण दर घटाउन बजार केन्द्रहरुमा तपाइको मास्क खै ? जस्ता उचेतनामुलक कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ ।

### जीवनको रङ्ग

## बाख्रापालनमा रमाउँदै किसान

**तेजेन्द्र बि.एम./बिमल पोख्रेल**
**झुलेनी पोष्ट**

प्यूठान नगरपालिका-७, टिकुरीकी देवा केएमले व्यावसायिकरुपमा बाख्रापाल्न थालेको तीन वर्ष बित्यो । बाख्रापालनले परिवार पाल्न सकिने आट जागेपछि उनले विदेशमा बस्ने श्रीमानलाई समेत बोलाएर बाख्रालानमै लगाएकी छन् । उनीहरु हिजोआज बाख्रा पालमा रमाएका छन् । यहा'को काप्डाँडाँमा जग्गा भाडाँमा लिएर उनीहरुले बाख्रा पालेका छन् । आफ्नै लगानिमा बाख्रा पाल्दै आएका उनीहरुको फर्मलाई पछिल्लो समय नेपाल सरकारले विभीन्न कार्यक्रम मार्फत सहयोग गर्न थालेपछि थप हौसीएका छन् । उनीमात्र होइन प्यूठान नगरपालिका ७ र ३ नम्बर बडाका बाख्रापालक किसान खुसी भएका छन् । संघिय सरकारको सहगोग अन्तर्गत लागत साझेदारी बाख्रा प्रवर्धन कार्यक्र



प्यूठान नगरपालिका ७ काप्डाँडामा सञ्चालन भएको बाख्रा फर्म । तस्बिर : तेजेन्द्र

प्यूठान नगरपालिका ३ र बाख्रा पकेट विकास कार्यक्रम प्यूठान नगरपालिका ७ मा एक सय जना किसानलाई बाख्रा पालनमा सहयोग गरीएको प्यूठान नगरपालिका पशुसेवा शाखाका प्रमुख गिरीराज पौडेलले बताए । कार्यक्रम अन्तर्गत प्यूठान नगरपालिका ७ मा ५० घरपरिवार र ३ र २ वडाका केहि भाग समेटेर ५० घर परिवारमा सहयोग भएको पौडेलले बताए । वडा नम्बर ७ मा मिलीजुली क्षेत्रपाल बाख्रापालन समिति मार्फत र वडा नम्बर ३ मा बिजयनगर साना किसान महिला कृषि सहकारी संस्था मार्फत कार्यक्रम गरिएको छ । वडा नम्बर ३ मा संघिय सरकारको १० लाख र किसानको १२ लाख ५०

बाँकी ५ पेजमा.....

### हाम्रो नजर


## हिउँद वर्षा सधै हिलाम्य



बाग्दुला-मच्छी-ठुलावेसी सडक खण्डको मरन्ठानामा सडकको अवस्था। फोटो :बासुदेव

यसपालि हिउँदमा धेरै वर्षात परेको कारण ग्रामिण क्षेत्रका प्राय सडक बिग्रेका छन् । अन्तका ठाउँमा वर्षाका कारण सडक बिग्रेपनि यहाँ हिउँद वर्षा सधै हिलाम्य हुन्छ। जिल्लाको महत्वपूर्ण र व्यस्त सडक मानिने बाग्दुला-मच्छी-ठुलावेसी सडक खण्ड जहिल्यै हिलाम्य हुन्छ । अर्खा रजवारा र मच्छीबाट गुल्मि समेत यहि सडक खण्डबाट सवारी आउजाउ गर्दछन् । यो सडकको अवस्था विकराल र कहालीलाग्दो हुने गरेको वर्षौ बित्यो । मजदुरले चामल ज्यालादारीमा खोलेको यो सडक खण्डा २ दशक बितिसक्दा पनि पक्कि बन्न सकेको छैन । ग्रामीण क्षेत्र भित्रिने जिल्लाकै पुरानो ट्र्याक खोलिएको सडकको रुपमा परिचीत भएपनि यो सडकले स्तरोन्नतीको लागि विकास पाउन सकेन । यो सडक विकासका लागि कहिल्यै सरकार पाएन । देशमा कैयौं ब्यवस्था परिवर्तन भए, सरकार परिवर्तन फेरिए तर यो सडकको मुहार फेरिएन । वर्षौंदेखि यो सडकको दुर्दशा उस्तै छ । देशमा तीन तहको सरकार बनेर विकासका लागि होडबाजी चलेपनि यो सडकका लागि कसैले पनि होड चलाएनन् । यो सडकको नत हालत फेरियो, नत परिवर्तन र सुधार नै ? स्तरोन्नतीका लागि बजेट त पाएन नै सामान्य खाल्डाखुल्डी पुर्ने गरि मर्मत गर्ने रकम नै पाउन सकेन । बाग्दुलादेखि खरीबोट, तोरवाङ, अर्गेली हुँदै मच्छीसम्म दर्जनौ ठाउँमा पानीले भरिएका खाल्डाखुल्डी छन भने कच्ची सडक भएका कारण वर्षा र सितले गर्दा सधै हिलाम्य छ । यो सडकको दुर्दशा गाडीका टायरले देखेपनि गाडीभित्र सवार सरोकारवाला कसैले पनि देख्न सकेका छैनन् ।

## हिउँ खेल्ने जाने हैनत कोठिभिर !



स्याउलीवाङ ठुलोगाउँदेखी माथी देखि हिउँले भरिएको खलेवाङ र कोठिभिरको दृश्य ।

घुम्नका लागि आकर्षणले भरिएको ठाउँ हो स्याउलीवाङ क्षेत्र । यहाँ हिउँद याममा हिउँ खेल्न सकिन्छ भने गर्मी याममा लालीगुराससँग मज्जा लिन सकिन्छ । जाडो महिनाको पुस र माघमा यहाँ सधै हिउँ पर्छ । हिउँ खेल्नका लागि प्यूठान वासी धेरै टाढा जानुपर्दैन । बाग्दुलादेखि बाहाने हुँदै स्याउलीवाङको ठुलोगाउँ पुगेपछि कोठिभिर जान सकिन्छ । स्याउलीवाङबाट ढुङ्गागाडे बासस्थल पुग्न ३ घण्टा पैदल हिँड्नुपर्छ । जहाँ पुगेपछि पर्यटकीय स्थल खलेसवाङ आउँछ । यहाँ स्थानीयले पर्यटकीय गन्तब्य स्थल बनाउनका लागि विकास निर्माणका पुर्वाधार बनाउने कार्यमा जुटेका छन् । खलेवाङबाट उकालो लागेपछि करिब ३ घण्टामा ३ हजार ६ सय ५९ उचाइको कोठिभिर पुगिन्छ । यहाँबाट यहिँको सुन्दरता सहित वरिपरिका उच्च हिमश्रृङ्खला देख्न पाइन्छ । हिउँदमा हिउँ खेल्ने बाहेक फागुनदेखि बैशाख महिनासम्म करिब ७ थरी लालीगुराँसका मनमोहक दृश्य हेर्न र रम्न सकिन्छ । आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउन जाने होइन त कोठिभिर ।

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

झुलेनी पोष्ट
सम्पादकीय....

## स्वार्थ सिद्धिका लागि निर्वाचन नरोक

*विधिको शासन, आवधिक निर्वाचन र लोकतान्त्रिक अभ्यास माथि खेलबाड गर्दै सत्ता गठबन्धन स्थानीय तहको निर्वाचन झण्डै एक वर्ष सार्ने गृहकार्यमा लागेका छन् । निर्वाचन आयोगले वर्षको सुरुवात अर्थात् वैशाखमा गर्न प्रस्ताव गरेको निर्वाचन वर्षको अन्तिम अर्थात् अर्को चैतमा मात्र गर्ने गरी कानुन संशोधन गर्ने तयारीमा गठबन्धन जुटेको कुरा बाहिर आएको छ। केन्द्रीय शासनमा आफ्नो स्वार्थ सिद्धिका लागि स्थानीय तहको अधिकार कुण्ठित गर्न लागेका छन् । उनीहरू 'संविधानसँग बाझिएको' स्थानीय तह निर्वाचन ऐन संशोधन गर्ने योजनामा छन् । संविधानको धारा २२५ मा गाउँ र नगरसभाको कार्यकाल ५ वर्ष हुने र कार्यकाल समाप्त भएको ६ महिनाभित्र निर्वाचन गर्नुपर्ने भनिएको छ। यही पछिल्लो वाक्यांश र ऐनको दफा ३ बाझिएको भन्दै दलहरू ऐन संशोधन गरेर स्थानीय तहको निर्वाचन धकेल्न खोजिरहेका छन् ।*

*ऐनको दफा ३ मा भने पदाधिकारीको कार्यकाल सकिनु दुई महिनाअघि नै निर्वाचन गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहको गत निर्वाचन २०७४ वैशाख ३१, असार १४ र असोज २ गरी तीन चरणमा भएकाले संविधान अनुसार सबै जनप्रतिनिधिले पाँच वर्ष कार्यकाल पूरा गर्नुपर्ने भन्दै निर्वाचनलाई सकेसम्म पर सार्ने तयारी छ। जबकि चरणबद्ध निर्वाचन भएमा पहिलो चरणको निर्वाचन भएको एक सातालाई निर्वाचन भएको मिति मानेर त्यसैका आधारमा पाँच वर्ष गणना हुने स्पष्ट कानुनी व्यवस्था छ। गत स्थानीय तह निर्वाचनको पहिलो चरणको मतदान २०७४ वैशाख ३१ मा भएकाले आगामी जेठ ६ मा सबै स्थानीय तहको कार्यकाल सकिन्छ।*

*तत्कालीन अवस्थामा संसदीय समिति र उपसमितिले कानुनविद्, कानुन मन्त्रालयका कर्मचारीसँग छलफल गरेर कार्यकाल सकिनुभन्दा अघि नै निर्वाचन गर्नुपर्ने प्रावधान राखेको थियो। स्थानीय तह एक दिन पनि जनप्रतिनिधिविहीन नहोस् भनेर बनाइएको कानुन नै सत्ता गठबन्धनका लागि अहिले अर्घेलो भएको छ। निर्वाचन ऐनअनुसार स्थानीय तहका जनप्रतिनिधिको पदावधि जेठ ५ मा सकिँदैछ। निर्वाचन आयोगले निर्वाचन एकै पटक गर्ने हो भने वैशाख १४ र दुई चरणमा गर्ने हो भने पहिलो चरण वैशाख १४ मा र दोस्रो चरणको वैशाख २२ मा गर्न प्रस्ताव गरेको छ। आयोगले माघ पहिलो साता निर्वाचनको मिति घोषणा नभए जेठ ५ अघि निर्वाचित जनप्रतिनिधि पठाउन सम्भव नभएको बताइसकेको छ। तर माघ पहिलो साता सकिँदा सरकार भने निर्वाचन गर्ने होइन, सार्ने गृहकार्यमा लागेको छ।*

# 'अर्ली' निर्वाचनको प्रसंगले प्रसंगले उब्जाएका केही सवाल



प्रेम कुमार खनाल

निर्वाचन आयोगले प्रधानमन्त्रीसमक्ष स्थानीय तहको निर्वाचन आगामी २०७९ वैशाखमा गर्न सरकारलाई ध्यानाकर्षण गराएको विषयलाई लिएर अहिले सत्तारूढ पाँच दलको गठबन्धनको बैठकमा छलफल भइरहेको छ । यस्तै गठबन्धनको बैठकमा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनका लागि अर्ली निर्वाचन गर्न आगामी वैशाखमा गर्न र स्थानीय तहको निर्वाचन आगामी मंसिर महिनामा गर्न प्रस्ताव राखेको कुरा सार्वजनिक भएको छ। संविधानतः स्थानीय तहको पाँच वर्षे कार्यकाल समाप्त भएको छ महिनाभित्र निर्वाचन गरिसक्नुपर्ने व्यवस्था छ।

तर, स्थानीय निर्वाचन ऐन २०७३ मा स्थानीय तहको पदावधि समाप्त हुनु दुई महिना अगावै निर्वाचन गरिसक्नुपर्ने उल्लेख गरेका आधारमा निर्वाचन आयोगले आगामी २०७९ साल वैशाख १४ गते र २२ गते गरी दुई चरणमा निर्वाचनको मिति तोक्न सरकारलाई सुझाव गरेको छ । तर, स्थानीय तहको निर्वाचन पहिलो चरणको २०७४ साल वैशाख ३१ गते, दोस्रो चरणको २०७४ साल असार १४ गते, र तेस्रो चरणको २०७४ असोज २ गते सम्पन्न भएको थियो। निर्वाचित पदाधिकारीले सपथ ग्रहण लिएर कार्य जिम्मेवारी एक साताभित्र सम्हालेको स्थितिलाई आधार मान्दा स्थानीय तहको पदावधि पनि बेग्लाबेग्लै मितिमा समाप्त हुने देखिन्छ । ऐनमा स्थानीय तहको निर्वाचनको मनशाय पदावधि समाप्त हुनु दुई महिना अगावै निर्वाचन गर्ने उल्लेख भएको विषयले स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिको रिक्तता नहोस् भन्ने आशयका साथ दुई महिना अगाडि नै निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगले सुझाव गरेको देखिन्छ।

तर, संविधानको मनशाय पाँच वर्ष कार्यकाल समाप्त भएको हुनुपर्ने उल्लेख गरेबाट चरण चरणको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको बेग्लाबेग्लै समयमा म्याद समाप्त हुने हुँदा अवधि समाप्ति हुनु अगावै निर्वाचन गरिँदा सार्वभौम जनताले चुनेका जनप्रतिनिधिको अधिकार कुण्ठित हुने र यसले संविधान र कानुन बाझिने हुँदा बाझिने हदसम्म संविधान नै लागू हुने संविधानविद्को भनाइ रहेको छ । साथै संविधानले पाँच वर्ष पुगेपछि मात्रै निर्वाचन गर्ने जुन व्यवस्था गरेको छ, यसले निर्वाचनमा 'पद'मा रहेर उम्मेदवार हुनबाट वञ्चित गर्नका साथै निर्वाचित जनप्रतिनिधिले पुरै अवधि काम गरेको हुनुपर्ने गरी संवैधानिक व्यवस्था भएको संविधान निर्माता बताउँछन् ।

स्थानीय तहको निर्वाचनका लागि ऐन बनाउँदा संविधानमा भएको व्यवस्थालाई दृष्टिगत नगरिकन ऐन बनाएका कारण पनि अहिले स्थानीय तहको निर्वाचन पदावधि समाप्त हुन अगाडि नै गर्ने कि ? चरण चरणमा भएको निर्वाचनको पदावधि समाप्त भएपछि गर्ने भन्ने विषयमा यति बेला सत्तारूढ गठबन्धन दलभित्र छलफल भए पनि ठोस निर्णय भएको देखिँदैन । यसैबीच सत्तारूढ पाँच दलको गठबन्धनको बैठकमा नेपालको भूगोलको स्थिति र पटकपटक निर्वाचन गर्दा हुने खर्चले ठूलो व्ययभार बढाउने हुँदा तीनवटै तहको निर्वाचन एकैपटक गर्न दलबीच छलफल सुरुवात भएको बताइएको छ । प्रधानमन्त्रीले पनि देशवासीका नाममा सम्बोधन गर्ने क्रममा सरकारले २०७९ सालभित्र तीनवटै तहको निर्वाचन गर्ने र यसको तयारीमा जुटन अपील गरेको विषयले पनि सरकार निर्वाचन गर्न तयारीमा रहेको बताइएको छ । तर, कुन तहको निर्वाचन कहिले हुने हो ? भन्ने अन्योलता भने कायमै रहेको छ । प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन २०७४ साल मंसिरमा दुई चरणमा भएको थियो र २०७४ साल फाल्गुनमा मात्रै अधिवेशन भएका कारण सामन्यतः प्रतिनिधिसभा र प्रदेश सभाको पदावधि आगामी फागुनमा सकिने हुँदा चैत/वैशाख महिनाभित्र गरिसक्दा उपयुक्त नै हुनेछ । तर, अब स्थानीय तहको निर्वाचन चाहिँ कहिले गर्ने भन्ने अन्योलता भने कायमै रहेको छ।

यता प्रतिनिधिसभा यतिबेला 'अनिर्णयको बन्दी' बनेको छ। प्रमुख प्रतिपक्षी दल एमालेले विगत तीन महिनादेखि अदालतमा विचाराधीन विषयलाई लिएर लगातार नाराबाजी गरेर संसद्का काममा अवरुद्ध गरिरहेको छ। दुइदुईपटक संविधानविपरीत संसद् विघटन गरेर संसदविहीन बनाउने जुन काम भएको थियो, जनताको आन्दोलनको बल र अदालतको फैसलाका आधारमा पुनर्स्थापित प्रतिनिधिसभाका दैनिक काममा अवरुद्ध गरेर यो प्रतिनिधिसभालाई औचित्यहीन बनाउन प्रमुख प्रतिपक्षी दल लागिरहेको स्थिति र सहमतिका लागि सर्वदलीय बैठकमा पनि प्रमुख प्रतिपक्षी दल सहभागी भइनरहेको स्थितिमा 'अर्ली इलेक्सन'को कुरा पनि उठेको देखिन्छ।

तर, संविधान र अदालतको फैसलाअनुसार पनि यो प्रतिनिधिसभाको कार्यकाल पाँच वर्षको व्यवस्था र व्याख्या गरिसकेको स्थितिमा अर्ली इलेक्सनको व्यवस्था संविधानमा नभएको र संविधानले पाँच वर्षको संसद् (फिक्सड टर्म पार्लियामेन्ट)को व्यवस्था गरेको हुँदा अर्ली इलेक्सनको सम्भावना नै देखिँदैन। त्यसो त केपी ओलीले पनि संसद् पटकपटक विघटन गरेर अर्ली इलेक्सन गर्ने घोषणा नगरेको होइन । तर, त्यो घोषणा त्यसै पनि असंवैधानिक थियो। अहिले पनि अर्ली इलेक्सन गरेर जाने यदि दलबीच छलफल र सहमति भए पनि यो संविधान सम्मत नहुने संविधानविद्ले बताएका छन् ।

मुलुकमा एकातिर कोरोनाको महामारीले मानवीय एवं आर्थिक-सामाजिक संकट उत्पन्न गरिरहेको बेला आगामी वर्ष तीनवटै तहका निर्वाचन पनि सम्पन्न गरेर लोकतन्त्रलाई सुदृढ गर्नुपर्ने अभिभारा मुलुकका सामु रहेको छ । तर, यस्तो प्रमुख प्रतिपक्षी दलको हलो अड्काएर गोरु पिट्ने सर्वसत्तावादी, गैरजिम्मेवार गतिविधिले मुलुकमा उत्पन्न जटिल परिस्थितिमा अब निर्वाचन तोकिएको अवधिमा कसरी निर्वाचन गर्ने ? गम्भीर प्रश्न खडा भएको छ । यतिबेला निर्वाचन कहिले कसरी गर्ने भनेर बहसचाहिँ भएको छ । तर, विद्यमान निर्वाचन प्रणालीका कारण बढिरहेको विकृति, विसंगति, अनियमितता, भ्रष्टाचारका कारण अर्थतन्त्र धाराशायी भएको'दयगत भने न त निर्वाचन आयोग न त राजनीतिक दल गम्भीर बनेर छलफल गरेका छन् । अहिलेको निर्वाचन खर्चिलो छ । वडा अध्यक्ष, मेयर उपमेयर, सांसद पदमा उम्मेदवार हुनेले लाखौं लाखदेखि ४/५ करोड रकम खर्च गर्नुपर्ने, यस्तो रकम जुटाउन उद्योगपति व्यापारीसँग चन्दा असुल्ने गरेको, चुनावमा खर्च भएको रकम निर्वाचित भएर पदमा पुगेपछि असुलउपर गर्न स्वयं जनप्रतिनिधि अनियमितता र भ्रष्टाचारजन्य काममा संलग्न भएको आदि जुन विषयहरू छन्, यसको अन्त्य गर्न खोई राजनीतिक दल र संवैधानिक अंगका रूपमा रहेको निर्वाचन आयोगको ध्यान गएको ? तसर्थ निर्वाचनमा देखिएको बेथिति, विकृति, विसंगतिको अन्त्यका लागि विद्यमान निर्वाचन प्रणालीमा सुधार गर्न जरुरी छ।

दलहरूले पहिलो हुने निर्वाचन प्रणालीमा व्यक्ति, उम्मेदवारले जनतासँग भोट मागेर हिड्ने र ठूलो धनराशी खर्च गर्नुपर्ने निर्वाचन प्रणालीमा सुधार गर्न पनि तत्काल ध्यान दिन जरुरी छ ।

बाँकी ६ पेजमा ...

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट
साप्ताहिक

# बाख्रा र कुखुरामा रूमलिएको समृद्धि



रघुनाथ लामिछाने

गुलेती सदा सिरहाको सखुवा नन्कारकट्टी गापा-४ स्थित सखुवा टोलमा बस्छन्। उनले हरूवाइ गर्ने कृष्णदेव यादवको घर उनको घरबाट मात्र १० मिनेटको दूरीमा पर्छ । धेरै मालिकले आफ्नो काममा अवरोध पुग्छ भनेर हरूवा बसेकालाई सकभर घर आउन दिन्नन् तर गुलेतीलाई भने घर आउने अनुमति छ। उसैकहाँ बस्दा थप काम गर्नुपर्छ भन्ने जान्दाजान्दै पनि गुलेती 'गिरहत' कै घरमा सुत्छन्। किन? किनकि घरमा १४ वर्ष पुगेकी छोरी छिन्। दुईजनालाई छुट्टै सुत्न पुग्ने ठाउँ छैन । सप्तरीको कञ्चनरूप नपा-५ स्थित रामपुर पथरी बस्ने जलश्रीदेवी सदाको बिजोग झनै पीडादायी छ। गत वर्ष लकडाउनका बेला काम नपाएपछि खानै नपाएर श्रीमान् मलर सदा बिते। ३ छोरा कामका लागि भारत गएका छन्। बुहारी सबै माइतमै छन् किनकि घरमै बसे भने सबैलाई सुत्ने ठाउँसमेत छैन। छोराहरू आएका बेला मिलेरै भुइँमा सुत्छन्। खरको टाटले छुयाउँछ उनीहरूलाई। त्यतिबेला जलश्रीदेवीसँग भने गाउँमा शरण लिन पुग्नुको विकल्प छैन ।

गरिबी निवारणका धेरै कार्यक्रम छन् सरकारसँग। गरिबी निवारण जोडिएको मन्त्रालय नै खडा छ। केही समयअघिसम्म गरिबी निवारण कोष नै खडा थियो। यसरी गरिबी निवारण गर्ने क्रममा आफूले थुप्रै गरिबका घर बनाइदिएको दाबी पनि गर्दै आएको छ बेलाबेलामा। सरकारको आधिकारिक दस्ताबेज आर्थिक सर्वेक्षण २०७७/७८ भन्छ- आव २०७६/७७ मा सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत १४ हजार १० लाभग्राही छनोट भएकामा ८ सय ५ ले यो सुविधा प्राप्त गरे। सरकार कोटा तोक्छ यति गरिबको उद्दार गर्ने भनेर। त्यही आफैँले तोकेको कोटा पूर्ति गर्न पनि असफल हुन्छ। माथि उल्लिखित उसैको गर्वसाथको दाबी हिसाब गर्दा पनि छनोट भएका लाभग्राहीमध्ये मात्र ५.७५ प्रतिशतले सुविधा पाए। को हो गरिब? कसका बने घर? किन प्राथमिकतामा पर्दैनन् जलश्रीदेवी जस्ताको गरिबी निवारणको सवाल? प्रश्न छ, उत्तर छैन।

सहकार्य नेपाल नाम गरेको एउटा संस्था छ सिन्धुलीको राममाढीमा। जसले दुधौली नपा-८ स्थित रमाइलो टोलमा बस्ने रामदुलारी सदाको दुःख देख्न नसकेर गरिखाउन् भनेर १७ वटा चल्ला दियो कटकनाथको। तर रामदुलारीले केही दिन पनि थेग्न सकिनन् ती चल्ला। कारण-चल्ला पाल्न खोर चाहियो। आफू त ऐलानीको एउटा टुक्रोमा बसेकी उनले खोर कसको जग्गामा बनाउन्?, खोर बनाउने पैसा कहाँबाट पाउन्? त्यसैले स्थानीय निशा तामाङलाई सुम्पन बाध्य भइन् सित्तैँमा पाएका चल्ला पनि।

प्रजातन्त्र पुनर्स्थापनापछिका ३२ वर्षमा भूमिहीनलाई जमिन दिने भनेर मुलुकमा धेरै आयोग बने भूमि शब्द जोडेर। जसमध्ये अहिले अस्तित्वमा रहेको आयोग सत्रौँ हो। यीमध्ये ६ वटाले भूमिहीनका नाममा १ लाख ५४ हजार ८ सय ५६ परिवारलाई ४६ हजार ६ सय ९४ बिघा जमिन दिए। यो भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयकै तथ्याङ्क हो। यति धेरै आयोग गठन भइ आधा दर्जन आयोगले जमिनसमेत वितरण गर्दा पनि किन रामदुलारीहरू अहिले पनि 'भूमिहीन' कै बिल्ला भिरिरहन बाध्य छन्? किन उनीहरू ठाउँकै अभावमा एकाध कुखुरा पाल्न पनि लायक छैनन्? आखिर आयोगहरूले बाँडेका जग्गा पाए कसले? किन पर्दैनन् रामदुलारीहरू जग्गा पाउनेमा? प्रश्नका चाङ छन् तर उत्तर छैन। नेपालको जीवनस्तर सर्वेक्षण २०११ भन्छ-तराईका ४४ प्रतिशत दलित भूमिहीन छन्।

कानुन छ। प्रहरी छ। महिला अधिकारका लागि वकालत गरिदिने निकायहरू छन्। तर सप्तरीको कञ्चनरूप नपा-१, वैरवास्थित मुसहरी टोल बस्ने आनन्दी सदाका लागि यी सबै 'एकादेशको कथा' हुन्। उनलाई श्रीमान्ले बच्चासहित छाडेर अर्की लिएर हिँडे। केहीले सुझाए-त्यस्ताविरुद्ध मुद्दा हाल। मुद्दा हाल्ने अंश र सम्पत्तिका लागि हो। तर उनका श्रीमान् पनि पूरै सुकुमबासी हुन्, माइती जस्तै। मुद्दा जिते पनि लिने/पाउने केही छैन। त्यसैले बरु जस्तोसुकै सहेर भए पनि कान्छीसँगै मिलेर बस्ने खबर पठाउन बाध्य छिन् उनी। के न्याय दिन्छन् कानुनकर्मी र अधिकारकर्मीले आनन्दीहरूलाई? यस्तो अवस्थामा मुद्दाले पीडकलाई केही दिन त थुनाउला तर पीडितले न्याय पाउन सक्छिन्? पीडितमुखी न्यायको बाधक किन खुट्याउन सकिरहेका छैनौँ हामी?

धनुषाको सबैला नपा-१२ स्थित बरकुरवामा ठूलो विद्यालय छ- फकिरचन्द गामी उच्च मावि। त्यो पनि २०१६ सालमै खुलेको। नजिकै ७० परिवारको सदा टोल छ। तर यो विद्यालयमा सदा समुदायबाट सबै भन्दा बढी पढेका (११ कक्षा) हरूको नाम कण्ठै छ स्थानीयलाई- अरूण र विजय। किन पढ्दैनन् त आँगनमै विद्यालय भएर पनि ? 'कमाउनु परेन,के खाने?'-स्थानीय एक महिला भन्दै थिइन्। हो, सबैजसो भूमिहीन। अनि ९-१० वर्षदेखि नै ट्र्याक्टर चलाउन जानुपर्ने बाध्यता। किशोरावस्थाका सबै ट्र्याक्टर ड्राइभर। के विद्यालय खुल्दैमा पढाइमा गरिबको पहुँच हुन्छ?, पढाइ किन प्राथमिकतामा पर्दैन भन्नेबारे कहिल्यै सोच्यौँ? सोचेको भए उक्त विद्यालयमा मुसहरका बालबालिकाको बाहुल्य हुने थियो, अवश्य।

२०६० सालमै स्थापना भएको हो गरिबी निवारण कोष। नामबाटै प्रष्ट हुन्छ कि यसको काम के हो भन्ने। ६२ जिल्लामा खडा गरिएका सामुदायिक संस्थामार्फत १९ अर्ब खर्चेपछि २५ कात्तिक २०७५ मा असामयिक निधन बेहोर्‍यो यसले। थाहा छैन, अपुतालीमा कसले मोज गरिरहेको छ। गरिबी निवारण नाम जोडिएका निकाय/संस्था धेरै छन् नेपालमा। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) अर्को त्यस्तै एउटा नाम हो। जसले बनाएको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन निर्देशिका २०७० भन्छ- 'लघु उद्यम' भन्नाले जग्गाबाहेक बढीमा २ लाख रुपियाँसम्म स्थिर पुँजी लगानी हुने, वार्षिक २० लाख रुपियाँ भन्दा कम आर्थिक कारोबार हुने, उद्यमीसमेत ९ जनासम्म कामदार रहने व्यवसाय बुझ्नुपर्छ। हे भगवान, गरिबसँग यति पैसा, कारोबार र कामदार हुन्छ ?, यस्तो व्यवसाय गर्न सक्ने गरिब हुन्छ? सिन्धुलीको दुधौली नपा-१० सिर्जना नगरमा प्रगतिशील कृषि तथा उद्यमशील सहकारी संस्था लि. छ। जसमा ४ सय १६ जना सदस्य छन्। तर सहकारी नजिकैको मुसहरी टोलका १५ घरका भने कोही पनि सदस्य छैनन्। एकातिर गरिबी निवारणका कार्यक्रमहरू यस्तै संस्था/निकायमार्फत वितरण गर्ने अर्कोतर्फ लक्षित समुदायको यस्ता निकायमा सहभागिता नै नहुने। अनि गरिबी निवारण कोषको १९ अर्ब कहाँ गयो भनेर सोधिरहनु आवश्यक छ र?, ' लघु उद्यम' ले कसको गरिबी निवारण गर्दै होला भन्ने अनुमान पनि आवश्यक छैन।

अंशका लागि मुद्दा हालौँ, सम्पत्ति नै छैन। सरकार उत्पादन बढाउन सिँचाइ, बिउ र मलमा अनुदान दिन्छ, खेती गर्ने जमिनै छैन। पढ्न जाऊ भनेर सिकाउँछ, खानेकुरै छैन। सरसफाइ गर्नुपर्छ, शौचालय बनाऊ भनेर सिकाउँछ, शौचालय बनाउने ठाउँसमेत छैन । चल्ला लैजाऊ, हुर्काऊ, नून/तेल भए पनि पुग्छ भन्छ, खोर बनाउने धर्तीसमेत छैन । उद्यम गर्न प्रोत्साहन गर्छ, त्यसका लागि आवश्यक पुँजी त के, यसकै लागि खोजिने नागरिकता, बसोबास आधारपत्र जस्ता अत्यावश्यक कागजपत्रसमेत छैन। बनाउँ, न प्रक्रिया थाहा छ न त त्यसका लागि चाहिने पैसो नै। काम गर्न वित्तीय संस्थामार्फत सस्तो ब्याज दरमा ऋण दिने व्यवस्था मिलाइएको छ भन्छ, धितो राख्ने केही छैन।

वास्तविकता यस्तो छ। तर सरकार खोर बनाउने ठाउँसमेत नभएकालाई कुखुरा वितरण गरेर समृद्धि हासिल हुने एकसूत्रीय रटानमा व्यस्त छ। सिङ्गै डाँडाकाँडा चाहिने बाख्राले भूमिहीन गरिबको जीवनमा बहार ल्याइदिने सपनामा रमाइरहेको छ। आफूलाई समेत खान धौ धौ परेका समुदायले बङ्गुरलाई टन्न मोटाएर बढी पैसो लिन्छन् र सुखी जीवन बाँच्छन् भन्ने भ्रममा मस्त छ। माथिका घटना र विषयवस्तुले पुष्टि गर्छन्।

नेपालको सन्दर्भमा भूमिहीनताबाट मुक्ति नै समृद्धिको एकमात्र आधार हो। सम्पूर्ण सरकारी सुविधा र वित्तीय लाभलाई जग्गा धनी पुर्जासँग जोड्ने, वैकल्पिक रोजगारी दिन नसक्ने, भूमिलाई सामाजिक प्रतिष्ठा र राजनीतिको जग बनाउने मुलुकले सोच्नुपर्छ- भूमिसँग नजोडिएका कुनै पनि समृद्धिका योजना असफल हुन्छन्। प्रमाणका लागि हामीले दशकौँदेखि भोगिरहेका असफलता नै काफी छन्।

नागरिक दैनिकबाट ।

# कोरोना संक्रमण हुँदाको त्योअनुभव



सरद बिष्ट
स्वर्गद्वारी नगरपालिका, प्यूठान

कोरोना के हो?, यो कसरी सर्छ?, यसबाट बच्न र साबधानीका उपायहरू केके हुन्? भन्ने थाहा पाउदा पाउदै पनि संक्रमित बन्न पुगे । सामाजिक सञ्जालमा अरुलाई स्वास्थ्य लाभको कामना दिइर हँदा मलाई पनि कोरोना-१९ को रिपोर्ट पोजेटिभ देखायो । अब कोरोना लागेपछि मरिन्छ कि भन्ने चिन्ता र भय मनमा तरङ्गित हुने नै भयो । जो आम रुपमा सबैले लिने गर्दछन् । मलाई सुरूमा केहि त्यस्तो लक्षण नदेखिएपनि बिस्तारै ज्वोरो र रूघाले चाप्दै गयो। जब ७/८ दिनपछि ज्वोरो अनियन्त्रित हुदै गयो तब शरीर कमजोर हुदै गएको महसुस भयो। ज्वोरो पनि ह्वात्तै बढेर १०३ र १०४ डिग्रिसम्म देखा पर्यो।
औषधी खादा बखत मात्र केहि विशेष हुन्थ्यो नत्र हनहनी ज्योरो आउँथ्यो । जीउ दुख्ने, खान मन नलाग्ने, मुख सुक्ने, आँखा गढ्ने, खसखस खोकी लागेर स्वास फेर्न मुस्किल हुने समस्याले ग्रस्त बनायो । दिन प्रतिदिन स्वास्थ्यमा सुधार होला भनेको स्वास्थ्य अबस्था नै बिग्रदै गयो अनुभूती भयो । बिभिन्न घरेलु तथा आयुर्वेदिक जडिबुटी र मेडिकलका औषधीहरू खादा पनि शरिरले औधी बाधा मान्दै गयो।

कसैसँग फोनमा लामो कुरा गर्न मन लाग्दैनथ्यो। रेडियो, टि.भि र सामाजिक सञ्जालहरू फिटिक्कै हेर्न मन नलाग्ने हुन्थ्यो । कष्ट गरेर भएपनि बिहान-बिहान योगा गर्छु भन्दापनि जाँगरै नचल्ने समस्या ग्रस्त बनायो। मर्निङवाक जान्छु भन्दा पनि थकाई लागेर, स्वास बढेर हिड्न सक्दैनथे। मास्क लगाए बस्दा पनि स्वास फेर्न मुस्किल हुन्थ्यो । केहि गरी रूख मुनि बसेर फ्रेस हुन्छु भनेर सोच्थे तर धेरै बेर बस्न सक्दैनथे। खोकी लागेको लाग्यै गरेर छाती असाध्यै दुख्थ्यो। इम्युनिटि पावर कमजोर हुदै थियो। म मात्र कोभिड सङक्रमित भएको भए केहि हुदैन्थ्यो ।

घरको सबैजना बिरामी भएर बेडमा थला पर्दा बहुत चिन्ता लाग्यो। तातो पानी समेत तताएर खुवाउने मान्छेको अभाब भयो। कोठामा एक्ला एक्लै रूम आईसोलेसनमा बस्दाको यो पिडा कहिल्यो भुल्न नसकिने क्षण बन्न पुग्यो । मलाई मेरो ज्यानको भन्दा १० महिने सानी छोरी बिरामी पर्दा असाध्यै चिन्ता लाग्थ्यो। आफु बिरामी हुँदा छोरीलाई उचाल्न नपाउदाको पिडा कसरी बयान गरु ।

किरिया बस्दाको भन्दा पनि झनै फन्दामा परेको यो क्षण । मेरा आफन्त, शुभ चिन्तक र साथीभाइहरूको बिभिन्न ठाँउबाट फोन आउथ्यो। कति फोन कलहरू त कुरा गर्न झ्याउ लागेर उठाइन पनि । कति फोन कलहरू भने थाहा पाउदैनथे। जेहोस बेस्सरी बिरामी भएर बेडमा थला परेको वेला जो-जो आफन्तहरूले जुन प्रकारको अजम्वरी माया, प्रेम र सद्भाब देखाउनु भयो त्यस्को लागि तपाईहरूको माया मेरो मुटुभरी छ। तपाईहरूको अमर प्रेम भुल्न सक्दैन। प्राथमिक स्वास्थ्य केन्द्र भिङग्रीका डाक्टर तथा कर्महचारीहरूप्रति हार्दिक आभार छ।

त्यसैगरी भाबना मेडिकल भिङ्गृका डाक्टर प्रेम नारायण भुषाल सरले लगाउनु भएको गुन पनि भुल्न सक्दैन। अन्य महानुभाबप्रति आदर सम्मान ब्यक्त गर्न चाहान्छु। सबैको नाम मेरो मानसपटलमा अहिले पनि अटल बनी बसेको छ। म अहिले निको भएर पुर्ण रूपमा सञ्चो भएको पनि झण्डै ८ महिना पुगिसकेछ । घर परिबारका सबै सदस्यहरूको स्वास्थ्य पनि सुधार भयो । आशा गरे अनुसार म लगाएत मेरो परिवारले सहजै कोरोना जित्यौ। नेपालमा कोरोनाको दोस्रो लहर उकालो लाक्दै गर्दा अहिले तेस्रो भेरियन्टले स्थान लिएको खवर सुन्दैछौं । उसबेला पनि कारोनाको ग्राफ बढ्दो क्रममा थियो भने अहिले पनि दिनानुदिन बढ्दै गएको छ । देश पुर्ण रूपमा लकडाउनमा थियो। हाम्रो प्युठानमा पनि दैनिक जीवन अस्तब्यस्त थियो । नेपालमा आम नागरिकको दैनिक जिबन अस्तव्यस्त बन्दै गएको थियो ।

एक दिनमा झण्डै ८/९ हजार संक्रमित हुन्थे र २ सय जनाका हाराहारीमा कोभिडकै कारणले ज्यान गुमाउथे।
अहिले पनि कोरोनाको तेस्रो लहर फैलिदै गएको मैले उल्लेख गरेको छुँ। शिक्षण संस्थाहरू माघ १५ गतेसम्म भौतिक रूपमा बन्द भएका छन्। ओमिक्रोन भाईरसको आतङ्क बढ्दै गएको छ । तपाई हामी सचेत बन्नै पर्छ। कोरोना केहि पनि हैन भन्दै गफ दिएर बस्ने स्थिति छैन। पिडा के रहेछ भनेर थाहा पाउन अस्पतालमा अक्सिजन अभाबमा छट्पटाईरहेको बिरामीको कथा बुझ्नुपर्छ। अस्पतालका आइसोलेसन र भेन्टिलेटरमा बिरामीहरूको जीवन त्यतिबेला बिजोग थियो ।

बिरामीलाई अक्सिजनको हाहाकार थियो। त्यसैले तपाई हामी सबैले बुझ्नुपर्छ। सकभर घरबाहिर ननिस्कौ। मास्क, सेनिटाईजर र साबु पानी मिचिमिच हात धुने बानीको बसालौं । कोभिड संक्रमण रोक्नका लागि खोप लगाएका छैनौ भने नजिकैको स्वास्थ्य संस्थामा गएर खोप लगाउनुस। आफ्नो स्वास्थ्यलाई हेलचेक्राइ नगरौ । कम्तिमा पनि एक अर्काबिच भौतिक दुरी कायम गरौ। साना-साना नानी बाबु र बृद्द बा-आमालाई बिशेष ख्याल गरौ। हाम्रो सानो लापरबाहिले शहरका ठुला र महङ्गा अस्पतालमा हामीलाई छटपटिन नपरोस। मलाई पनि १८ दिनसम्म होम आईसोलेसनमा बसेर कोरोनाको पीडा भोगेको तितो अनुभव छ।

रोग आफूलाई नलाग्दा मात्रै सामान्य जस्तै लाग्छ । जब रोगले धनी, गरीव, सानो, ठूलो केहिँ भन्दैन भन्ने थाहा हुँदा हुँदै पनि हामी आफ्नै लापरवाहीले आफैलाई जोखिम मोलिरहेका हुन्छौं । थाहा त मलाई पनि थियो कसरी जोगिने भन्ने । आफैले आफैलाई भन्नैपर्छ असावधानीकै कारण कोभिड संक्रमित हुन पुगे । रोग लागेर समस्यामा बल्झनुभन्दा रोग लाग्न नदिनु नै बेस हो । त्यसैले “कोभिड महामारीबाट आफु बाचौ र अरूलाई पनि बचाऔ।'

झुलेनी युनाइटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

## कविता

# प्रिय नारी



भरत पुन

(लिवाङ ,प्युठान )

तिमि ईश्वरकी फूल हौं ।
सारा जगतकी सृष्टि हौं ।
माया, स्नेहकी खानि हौं ।
तिमि बिना यो सृष्टिको
कल्प सम्भव छैन ।

तिमि पुरुषकी भावना हौं ।
तिमि पुरुषकी जिवनसाथी हौं ।
तिमि बिना पुरुष पनि अपूर्ण हुन्छ ।
तिमिबिना पुरुष विचलित हुन्छ ।
उसका भावना र विचार आधा हुन्छन ।
केवल अपवाद कुनै पुरुष बाहेक ।

तिमिमा कठोर त्याग हुन्छ ।
असिम सहनशीलता हुन्छ ।
तिमिलाई पुरुषले स्नेहमय
दिदिबहिनी
प्रेममय पत्नीको रुपमा युगौ युगदेखि
स्विकार्दै आएका छ ।

तर बिडम्वना
तिम्रो मुल्य कहिलै जान्दैनन् ।
त्यसैले शोक र असन्तुष्ट बढ्छ ।

यदि तिम्रो अनुपस्थितमा
यो संसार खल्लो र नाङ्गो
हुँदा, यो सारा जगतको
संरचना बिग्रीदा बल्ल
बुझ्नेछ्न पुरुषले नारीको
मूल्य ।

# गजल



किरण पोखेल (एक बसन्त)

*सरुमारानी २, दर्भान प्यूठान*

पैसा नै जिन्दगी सोच्नेलाई सधैं हतार हुन्छ ।
जती बाच्छौ खुशी भै बाँचेर हेर अपार हुन्छ।
नाम संगै काम पनि जोडिएर आउँछ महोदय ,
केही गरेर देखाउ जीवन जिउने आधार हुन्छ।

तिमी सुनाउछौ अपत्यारिला रात्री सपनीहरु,
आँखा खोली सपना देख्ने गर साकार हुन्छ।
उ भन्छ तपाई किन एकतर्फी सहयोग गर्नुहुन्छ ?
कसरी बुझाउँ म, लिने दिने गरे त व्यापार हुन्छ ।

तिमी जहिल्यै नाप तौल गर्छौ यो शुन्य मनलाई,
तिमी शुन्यतामा प्रेम भर अनि बल्ल प्यार हुन्छ ।

# गजल



निम बहादुर शाही (रातोमुला)

ऐरावती-२ ददेरीपाट, प्यूठान
हाल साउदी अरेयिबा

गाता पो च्यात्तिएको, शब्द गढेको छ ।
भ्रस्टाचारसंगै महंगी दिन्कै बढेको छ ।
कति लालची भयौं है जनता नसुध्रीने,
यसैले त नेता घुमिफिरी बुइ चढेको छ ।

देखिन्छ मुस्कान संगै सुवास छरेको,
तर उसैको भित्रभित्रै मन डढेको छ ।
छोरा उहाँ डिस्कोबार अनि इटा हान्छ रे,
लाग्छ बाआमालाई निक्कै पढेको छ ।

भाग्यलाई दिउ या दोस कर्मलाइ नै,
जुन फुल चुडैं उहीं फुल सढेको छ ।

# शिक्षा मन्त्रीलाई विद्यार्थीको ध्यानाकर्षण पत्र



नरेन्द्र ज्ञवाली

*माननिय शिक्षा मन्त्री ज्यु।*
*शिक्षा,बिज्ञान तथा प्रबिधी मन्त्रालय*
*केशरमहल,काठमाडौ ।*

***बिषय***: *बिद्यालयहरुले विद्यार्थीहरु बाट चर्को शुल्क उठाइ रहेको हुदा चर्को शुल्कमा रोक लगाउने सम्बन्धमा ।*

*सामुदायिक बिद्यालय भन्दा बित्तिकै गरिब बिपन्न परिवारका छोराछोरीले अध्यन गर्ने भवन भनेर बुझ्ने धेरै मानिसको मानसिकता छा तर पछिल्लो समयमा धनी गरिब विभिन्न वर्गका ब्यात्तीका छोराछोरीले सामुदायिक बिद्यालयमा अध्यन गर्न थालेका छून । निजि बिद्यालयले भन्दा पनि सामुदायिक बिद्यालयहरुले विद्यार्थीको सिकाइमा राम्रो नतिजा दिएका छूना सिकाइमा कुनै किसिमको कमि हुन दिएका छैन्न र नतिजा पनि राम्रो ल्याउन थालेका छून । सामुदायिक बिद्यालयले निजि बिद्यालय संग प्रदिश्सपर्धा गर्नु ठूलो उपलब्धि हो। सामुदायिक बिद्यालय को बिकास र परिमार्जन हुनु सबै नागरिकको खुसीको बिषय र विद्यार्थीको उज्ज्वल भबिस्यको यात्रा पनि हो।सामुदायिक बिद्यालयको संरक्षक गर्नु हामी सबै नेपाली दायित्व हो। पछिल्लो समयमा हाम्रो देशमा कोभिड १९ (अमिक्रोन)तेस्रो लहर को समङ्कमको त्रासले गर्दा यस भाइरस बाट विद्यार्थीहरु समङ्कम हुन बाट बच्न को लागि सामुदायिक बिद्यालय र निजि बिद्यालयहरु बन्द भएको हामिलाइ अबगत थाहा नै छ्। । तर पनि सामुदायिक बिद्यालयहरु र निजि बिद्यालयहरुले विद्यार्थीहरु बाट चर्को शुल्क उठाउन भने छोडेका छैन्न । विद्यार्थीबाट अनावश्यक विभिन्न क्रियाकलाप र प्रयोगात्मक बिषयलाई जोडेर केही सामुदायिक बिद्यालय र निजि बिद्यालयहरुले विद्यार्थी बाट चर्को शुल्क उठाइ रहेका छून यस बिषयमा मन्त्री ज्युलाइ ध्यानाकर्षण गराउदै दोषी बिद्यालयलाई छानबिन गरि कारबाहीको माग गर्न चाहान्छौ। मन्त्री ज्युले यो पत्र पढ्दै हुनुहुन्छ भने बुझ्नु होला गरिब र बिपन्न परिवार का छोराछोरीलाई अहिलेको समयमा सामुदायिक बिद्यालयको चर्को शुल्क मानसिक तनाव भएको छा सामुदायिक बिद्यालयमा हुदा खाने परिवार का छोराछोरीले अध्यन गरिरहेका छौ।सामुदायिक बिद्यालयको चर्को शुल्क नै मानसिक तनाव बनेको छ ।सामुदायिक बिद्यालयको चर्को शुल्कले गर्दा कयौं बिपन्न परिवारका छोराछोरीको आफ्नो पढ्न पाउने अधिकार पनि खोसिएको छा सायद तपाइलाइ यो कुरा सुन्दा र पढ्दा बिश्वास नलाग्न सक्छ ।तर तितो सत्य नै हो। एक पट्क हामी ग्रामिण क्षेत्र रुकुम, रोल्पा, कालिकोट, कर्णाली, आदि जिल्लाका विद्यार्थी को परिवारको बार्षिक आम्दानी कति हुन्छ र सामुदायिक बिद्यालयमा हामीले कति शुल्क तिर छौ। एक चोटि बुझ्दिनुस कसरी परिवारको खर्च चलाएका छौ ।*

*अब भन्नुहोस हामी कसरी सामुदायिक बिद्यालय को चर्को शुल्क तिर्न सक्छौ ।अहिले बिद्यालयहरुले शुल्क उठाइ रहेका छ र हामी शुल्क तिर्न बाध्य भएका छौ र यस्तो अबस्थामा अब हामी सामुदायिक बिद्यालयमा शुल्क तिरेर अध्यन गर्न सक्छौ त! तपाईं आफै भन्नुहोस् ? सामुदायिक बिद्यालयमा अध्यन गर्न पाउनु सबै वर्गका विद्यार्थीहरुको अधिकार हो तर सामुदायिक बिद्यालयले पनि विद्यार्थीले शुल्क तिर्न नसक्दा परिक्षाका फमहरु भर्न रोक्दै र विभिन्न बाहाना बनाउदै शुल्क उठाइ रहेका छना यस्तो अराजकता र अनैतिक ब्याबहार गर्दै सामुदायिक बिद्यालयले विद्यार्थी माथी लापरबाही गरिरहेको छ यस्तो कार्य रोक्न मन्त्री ज्युलाइ अनुरोध गर्दछु ।*

*बिश्वास छ तपाईले हाम्रो समस्या बुझिदिनुहुने छ र सामुदायिक बिद्यालयहरुको अनैतिक ब्याबहारलाइ छानबिन गरि कारबाही गरि समाधान गरिदिनुने छा सामुदायिक बिद्यालयमा विद्यार्थी माथी विभेद हुन्छ भने निजि बिद्यालयहरुले कसरी विद्यार्थीबाट चर्को शुल्क उठाइ ढाड सेकेका छून होला । हामी विद्यार्थीका मागहरु त्यति धेरै छैन्। ति हाम्रा मागहरु निम्नलिखित रुपमा उल्लेख गरेको छाबिश्वास छ दोषी बिद्यालय माथी छानबिन गरि कारवाही हुने छ ।*

*-सामुदायिक विद्यालय र निजि बिद्यालयले उठाउने शुल्कमा न्यूनीकरण गरिदिन।*
*- यस अमिक्रोन भाइस नेपालमा प्रवेश भए पछि बिद्यालय बन्द भएका छन र यस समयको शुल्क ल्याउन रोक।*
*-चर्को शुल्क उठाइ रहेका निजि बिद्यालय र सामुदायिक बिद्यालयलाई छानबिन गरि कारबाहीको माग।*
*-सामुदायिक बिद्यालयमा नेपाल सरकारले निशुल्क शिक्षाको ब्याबस्था गरे पनी ग्रामीण क्षेत्रका केही जिल्लामा मात्र ब्यबस्था भएको छ र कति पए सहरी जिल्लाका बिद्यालय हरुमा धमाधम विद्यार्थी बाट शुल्क उठाइ रहेका छन यस्तो कार्यमा रोक लगाइ बिद्यालयको समस्या पहिचान गरि ब्यबस्थापन गरिदिन ।*
*-सामुदायिक बिद्यालय र निजि बिद्यालय को समस्या र मागहरू बुझी ब्यबस्था गरिदिनुहुन अनुरोध गर्दै गरिब बिपन्न विद्यार्थी माथी शुल्कको आधारमा लापरबाही गर्ने बिद्यालयहरुलाइ छानबिन गरि कारबाही गर्न माग गर्दछौ। धन्यवाद*

## रोचक/प्रेरक प्रसङ्ग

# जति कठिन संघर्ष, त्यति नैं जीत शान्दार...!

तपाईलाई लाग्छ जिन्दगीमा कुन बाटो रोजौं ? अब के गरौं ? विश्वका महान व्यक्तिदेखि कतिपय साधरण जिवनकला जिउने ब्यक्तिहरु पनि यस्ता प्रेरक विषयहरुले आफ्नो जिन्दगीको मोड बदलेका छन् । जो जहाँ रहेपनि सकारात्मक विचार र व्यक्तित्वले जीन्दगीको गाडी अघि बढाउँछ । आउनुस पढौं यसै प्रसंगमा २५ प्रेरक भनाइहरु ।

१) जब कसैले तपाईको कपि गर्छ भने सम्झिनुस् तपाई सक्सेस हुदै हुनुहुन्छ ।

२) कमाउनुस् 'कमाउदै रहनुस् तब सम्म कमाउनुस् जब सम्म महंगो सामान पनि सस्तो लाग्दैन ।

३) जुन व्यक्तीले लोभ गर्न छोड्छ, उसको प्रसंसा पनि सकीन्छ ।

४) यदि तपाईको योजना ऐले काम गरेको छैन भने, नआत्तिनुस् अझै २५ ओटा बाँकी नै छ ।

५) जुन व्यक्तिले कहिल्यै गल्ती गरेको छैन, त्यस व्यक्तिले कहिल्यै नयाँ गर्ने कोसिस पनि गरेको हुँदैन ।

६) भीडले हौसला त दिन्छ तर, पहिचान गुमाई दिन्छ ।

७) कुनै महान व्यक्तिले अवसरको कमि बारे सिकायत गर्दैन ।

८) महानता त्यो होइन जो कहिल्यै लड्दैन, महानता त्यो हो जो बारम्बार लडेर पनि उठ्छ।

९) जुन चीजमा तपाईको ईच्छा छ, त्यो चीज पाउनको लागि कुनै समय निश्चित हुँदैन, चाहे त्यो रातको १२ किन नबजेको होस् ।

१०) यदि तपाई कुनै चीज राम्रो होस भन्ने चाहनु हुन्छ भने, त्यो तपाई आफैं गर्नुस् ।

११) खाली खडा भएर पानी हेर्दैमा, तपाई नदि तर्न सक्नु हुन्न ।

१२) जीत्नेवालाले बेग्लै चीज गर्दैन, ताकी त्यो चीजलाई अलग तरिकाबाट गर्छ ।

१३) यदि तपाईले आफ्नो परिचय खुद् दिनु परेमा सम्झनुस् , तपाईको सफलता बृहत टाढा छ ।

१४) यदि तपाईको लक्ष्यमा कोही पनि हाँसी रहेको छैन भने, त्यो तपाईको धेरै सानो लक्ष्य हो ।

१५) असफलताको बारेमा चिन्ता नगर्नुस्, किनभने तपाई एकपटक मात्र सहि हुनुहुन्छ ।

१६) हरेक व्यक्तिसँग एउटा शक्ति हुन्छ, फरक त यति हो की, कसैले लुकाउने गर्छ, त कसैको लुकाइदिने गरिन्छ ।

१७) अरुलाई सुनाउनको लागि आफ्नो आवाज उच्च नबनाउनुस्, बरू आफ्नो व्यक्तित्व यति उच्च बनाउनुस् की, तपाइलाई सुन्न मानिसहरु परिश्रम गरून ।

१८) तपाई असल कार्य गरीरहनुस् चाहे अरूले तारिफ गरून या नगरून, आधा भन्दा बढि दुनियाँ त निन्द्रा मै हुन्छ, 'सुर्य' तर पनि जागी नै रहन्छ ।

१९) पहिचानबाट मिलेको काम केहि समयको लागि रहन्छ, तर कामबाट मिलेको पहिचान उमेर भरसम्म रहन्छ ।

२०) यदि तपाई आफ्नो जिन्दगी आफ्नै हिसाबले जीउन चाहानु हुन्छ भने, तपाई कसैको फ्यान नबन्नुस् ।

२१) तपाई खुशी रहनु नै, तपाईको डाहा गर्नेको ठुलो सजाए हो ।

२२) कोशिस गर्न छोड्नु हुँदैन, किनकी चिम्टीको साहायताले पनि आखिर चाबीको ताला खोल्न सकिन्छ ।

२३) पर्खन छोड्दिनुस् किनभने, सहि समय कहिल्यै आउँदैन ।

२४) कर्म यति शान्तिले गर्नुस् कि, सफलता ले हल्ला मच्चाओस ।

२५) यदि मानीसको एकहार हुदैमा हारेर पनि मुस्कान दिएमा, जीत्नेले पनि खुशी गुमाई दिन्छ ।

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

## किसानका बारीमा कृषि अधिकृत
# कृषकहरुलाई विषादी बनाउने स्थलगत तालिम



प्यूठान न.पा. ८ का कृषकहरुलाई स्थलगत रुपमा विषादी बनाउने तालिम दिएपछि सामग्रि बितरण गरीदैं । तस्बिर:तेजेन्द्र

**तेजेन्द्र बि.एम.**
**प्यूठान**

गत मंगलवार बिहानै कृषि अधिकृत किसानकै बारीमा भेटिए । किसानका बारीमा आफै पुगेका कृषि अधिकृत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, प्युठानका निमित्त बरिष्ठ कृषि अधिकृत चुमानसिंह गिरी हुन् । प्युठान नगरपालिका ८ नं. वडाका विभिन्न कृषि फर्महरुमा पुगेर फर्म गिरीले स्थलगत अनुगमन सहित अवलोकन गरेका हुन् । व्यवसायीक रुपमा टमाटर र आलु खेति गरिरहेका कृषकहरुको बारीमै पुगेर अवलोकन गर्दै किसानहरुका समस्या र खेतीबाली भएको समस्याबारे बुझ्ने कार्य गरीरहेका थिए ।

आलु खेतीमा डडुवा रोगबाट समस्या झेलिरहेका किसानका बारीमा पुगेर उनिहरुलाई रोगको नियन्त्रणका लागि ढुसी नासक विषादी समेत वितरण गरीएको थियो । गिरीले किसानका बारीमा नपुगे उनिहरुका समस्या स्पष्ट रुपमा जानकारी पाउन नसकिने भएकाले बारीमै पुग्ने गरेको बताए । उनले कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनमा जोड दिनुपर्नेमा स्थानीय तह र सरोकारवाला सबैको ध्यान जानुपर्ने बताए। किसानका लागि आवश्यक प्राविधिक, उत्पादन सामग्रीको व्यवस्था, बाली उत्पादनमा यान्त्रिकरण, प्रशोधन र बजारीकरण गर्न आवश्यक पूर्वाधार समेतमा परियोजना इकाई, प्यूठानको तर्फबाट सहयोग गरीरहेको झुलेनी पोष्टसँगको कुराकानीमा बताए । 'यसका लागि सबै किसानहरुको एउटै आवाज हुन पनि जरुरी छ', उनले भने, 'स्थानीय तहले पनि यस्ता कार्यक्रमहरुलाई पहिलो प्राथमिकतामा राखेर काममा सहयोग गर्नुपर्छ ।' परियोजना इकाई प्यूठानका ना.प्रा.स. विपिन खड्का, प्यूठान नगरपालिका ८ नं. वडाका कृषि प्राविधिक श्रीधरा पण्डितले समेत फर्महरुको अवलोकन तथा अनुगमन गरेका थिए ।

**कृषकहरुलाई विषादी बनाउने तालिम**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, खलंगा प्युठानद्वारा कृषकहरुलाई स्थलगत तालिम दिइएको छ । मङ्गलबार प्युठान नगरपालिका-८ नं. वडाका विभिन्न कृषि फर्मका सञ्चालकहरुलाई एक दिने तालिम सञ्चालन गरिएको हो । परियोजना कार्यान्वयन इकाई खलंगा, प्यूठानको आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस वर्ष संचालन हुने कार्यक्रम मार्फत कृषकहरुको सहभागिता थियो । तालिममा बोकासी मल र बनस्पतिक विषादी बनाउने तरिका र यसको फाइदाको विषयमा कृषकरुलाई सहजीकरण गरिएको थियो । सहभागि कृषकहरुलाई व्यावहारिक रुपमै बनस्पतिक विषादी र बोकासी मल बनाउने तालिम दिइएको हो । तालिममा प्रत्येक सहभागिहरुलाई जैविक विषादी बनाउने ड्रम र सामाग्रि वितरण गरिएको छ । तालिमको सहजिकरण गर्दै परियोजना कार्यान्वयन इकाई, प्यूठानका निमित्त बरिष्ठ कृषि अधिकृत चुमानसिंह गिरीले भने 'हामिले किताब पढेका मात्र छौं, कृषकहरुले बारीमा कुटो कोदाली बोकेर बालि उत्पादन गर्दा हुने समस्याहरुको अनेकौं ज्ञान लिनुभएको छ ।' हरेक किसानहरुमा चिन्तन हुनुपर्ने जसले गर्दा समस्या समाधान गर्न मद्दत हुने उनले बताए । 'साच्चिकै काम गर्ने किसानलाई ५ सय रुपैयाँको बिउपल दिने हो भने पनि ठूलो गुण सम्झन्छ तर काम नगर्ने किसानलाई १ लाख अनुदान दिएपनि पाएन र भएन भन्छ,' उनले भने ।

तालिममा सहजिकरण गर्दै फूलबारी एकिकृत ग्रामिण विकास संस्थाका आई.पि.एम. टेक्निसियन बासु बस्नेतले रसायनिक मलको प्रयोग हटाउँदै बोकासी र गोबर मलको प्रयोग गर्नुपर्छ जसले गर्दा हाम्रो उत्पादन राम्रो हुने बताए । तालिममा सहभागिहरुलाई बनस्पतिक विषादी र बोकासी मल बनाउने तरिका व्यावहारिक रुपमै सिकाईएको थियो । जसको सहजिकरण पनि बासु बस्नेत, प्यूठान नगरपालिका-८, नं. वडाका कृषि प्राविधिक श्रीधरा पण्डित, परियोजना कार्यान्वयन इकाई खलंगा, प्यूठानका ना.प्रा.स. विपिन खड्का समेतले गरेका थिए ।

# रेडक्रसद्वारा कम्बल वितरण

**झुलेनी पोष्ट**
**प्यूठान**

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा प्यूठानले गरिब तथा बिपन्न परिवारका लागि कम्बल वितरण गरेको छ। सामाजिक क्षेत्रमा क्रियाशील रहेको रेडक्रसले हालको चिसो मौषम र कोभिडको समस्यामा परेका बिपन्न परिवारका लागि न्यानो कपडा वितरण गरेको हो । शाखाका अनुसार प्यूठान नगरपालिका वडा नं ३ मा रहेका अति बिपन्न ३ घरपरिवार, गरिब तथा अपाङ्गता भएका ब्यक्तिको लागि कम्बल वितरण गरिएको जिल्ला शाखा प्यूठानका सभापति गुमानराज पुलामीले बताए । दैवि विपत्ति र घटनामा परेका परिवारलाई भाडावर्तन कपडा दिदै आएकोमा जाडोका कारण समस्या भएका यी परिवारलाई घरमै पुगेर कम्बल वितरण गरीएको उनले जानकारी दिए । विजयनगर र रातामाटाका मैते कुमाललाई २ थान कम्बल दिइएको छ। कुमाल पूर्ण दृष्टिबिहिन हुन्। बिजयनगरका ज्ञान बहादुर केएमलाई पनि २ थान कम्बल वितरण गरिएको हो । उनि २०७२ सालमा ट्र्याक्टर दुर्घटना परि अपाङ्ग भएका थिए। त्यस्तै साँपडाडा निवासी कलि सुनारलाई पनि कम्बल वितरण गरिएको छ । उनको श्रीमानको मृत्यु भइसकेको, छोरा पूर्ण अपाङ्ग रहेको र घरमा आम्दानी गर्ने कुनै पनि स्रोत नभएका कारण विपन्न परिवार छनौट गरी कम्बल दिइएको हो ।

# मास्क नलगाए प्रवेश निशेध

**झुलेनी पोष्ट**
**प्यूठान**

मास्क नलगाएर प्यूठान जिल्लाभरका सार्वजनिक स्थल, होटल, रेस्टुरेन्ट तथा सार्वजनिक सवारीमा प्रवेश निशेध गरीएको छ। जिल्लाको मुख्य ब्यापारिक केन्द्र बाग्दुला, बिजुवार, जुम्रि लगायत जिल्लाभरका होटल र सार्वजनिक यातायात सहित सार्वजनिक स्थलमा प्रवेश निषेध गरिएको हो । कोरोना भाइरसको तेस्रो भेरियन्ट तीव्र गतिमा फैलिएसँगै सुरक्षा मापदण्ड अनुसार मास्क नलगाउनेलाई प्रवेश निषेध गर्ने जिल्ला प्रशासन कार्यालय प्यूठानले सुचना प्रकाशन गरी यसबारे जानकारी दिएको हो । जिल्लामा कार्यालय, होटेल, रेष्टुरेण्ट, खेलमैदान, पार्क आदिमा प्रवेश गर्दा अनिवार्य रुपमा कोभिड बिरुद्धको खोप लगाएको हुनुपर्ने, अनिवार्य कार्ड साथमा राखेको भएमात्रै सेवाका लागि प्रवेश गर्न गराउन जिल्ला प्रशासन कार्यालय प्यूठानले अनुरोध गरेको छ । खोप कार्डको प्रतिलिपि मोबाइलमा राखेको भए पनि प्रवेश गर्न पाउने सुचनामा उल्लेख गरिएको छ ।

होटल, रेष्टुरेन्टमा सिमित व्यक्तिलाई मात्र राखेर कम्तिमा दुई मिटरको सामाजिक दूरीमा सेवा प्रवाह गर्नुपर्ने सुचनामा जनाइएको छ । होटलमा मास्क तथा सेनिटाइजरको अनिवार्य व्यवस्था गर्न र मास्क नलगाउनेलाई प्रवेश निषेध गर्न कडाई गर्न जिल्ला प्रशासनले आग्रह गरेको छ ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

**झुलेनी पोष्ट**
**प्यूठान**

दाङको देउखुरीमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। तुलसीपुर उपमहानगरपालिका वडा नम्बर १२ निवासी अरुण देबकोटाको दुर्घटनामा परी मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ । सोही मोटरसाइकलमा सवार चितवन भरतपुर ७ बस्ने राम प्रसाद सापकोटा घाइते भएका छन् । आइतबार बेलुका लमही देखि गढवा तर्फ जाँदै गरेको रा ५ प ५७१४ नम्बरको मोटरसाइकल विपरित दिशा बाट आइरहेको साइकल यात्रीलाई बचाउन खोज्दा लमही नगरपालिका वडा नम्बर ४ बलामपुरमा दुर्घटना भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका देबकोटाको लमही अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । घाइते सापकोटाको प्राथमिक उपचारपछि थप उपचारका लागि रिफर गरिएको छ ।

# सरूमारानीद्वारा पूर्व जनप्रतिनिधि र जग्गादातालाई सम्मान

**बोम बहादुर परियार**
**झुलेनी पोष्ट**

सरुमारानी गाउँपालिकाले पालिका भित्रका पूर्व जनप्रतिनिधिलाई गाउँसभाको अवसरमा सम्मान गरेको छ । स्थानीय निकायको निर्वाचनमा निर्वाचित भएका पालिका भित्रका पूर्व जनप्रतिनिधिलाई सम्झिदै दशौं गाउँसभाको अवसरमा सम्मान गरेको हो । गाउसभामा संबिधान सभा सदस्य, साविकको बाङ्गेसाल, हंसपुर, ढुंगेगढी, तिरामको ५-९ तथा धुवाङको ८-९ बाट २०४९ र २०५४ सालको स्थानीय निकायको निर्वाचनमा निर्वाचित सम्पुर्ण पुर्व जनप्रतिनिधिलाई सम्मान गरिएको पालिका अध्यक्ष झग बहादुर विश्वकर्माले बताए ।

यसअघि गाउँसभाको उद्घाटनको अवसरमा जग्गादातालाई सम्मान गरिएको थियो । वडा तथा स्वास्थ्यचौकी भवन बनाउन निःशुल्क जग्गा उपलब्ध गराउने ११ जना जग्गादातालाई सम्मान गरिएको उनले जानकारी दिए । गाउँसभाले अघिल्लो आर्थिक वर्षमा खर्च नभई बचेको ८४ लाख रुपियाँ कार्यपालिकाको बैठकले गरेको




बाँडफाँड तथा कार्यपालिकाको बैठकले विभिन्न समयमा गरेका रकमान्तरलाई अनुमोदन गरेको प्रमुख प्रशासकीय अधिकृत चिन्तामणी रेग्मीले जानकारी दिए । त्यसैगरी २० लाख रुपियाँ बराबरको बजेट संसोधन गरेको छ । विद्युतिकरणबाट बन्चित विपन्न परिवारलाई निःशुल्क रुपमा विद्युत मिटर, तार लगायतका सामाग्री उपलब्ध गराउने, कोभिडबाट मुत्यु भएका सरुमारानी गाउँपालिकाका १४ जना व्यक्तिका परिवारलाई प्रति परिवार ३५ हजारका दरले कोभिड राहत उपलब्ध गराउने, सरुमारानी गाउँपालिकाको बड्डाँडा र दर्भान बजारमा निशुल्क वाईफाई (इन्टरनेट) सेवा सुचारु गर्ने गाउँसभाले निणर्य गरेको छ। गाउँसभा माघ ४ गते शुरु भएको थियो । गाउँसभाले ५ वटा विधेयक समेत पारित गरेको छ। स्वास्थ्य सेवा विधेयक २०७८, एफ एम रेडियो व्यवस्थापन तथा संचालन गर्न बनेको विधेयक २०७८, स्थानीय तहका कर्मचारी व्यवस्थापन गर्न बनेको विधेयक २०७८, खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७८, वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७८ पारित गरेको हो ।

## बाख्रापालनमा ....

हजार लागतमा कार्यक्रम सञ्चालन भएको छ । यस्तै वडा नम्बर ७ संघिय सरकारको १२ लाख किसानको १२ लाख ५० हजार लगानिमा कार्यक्रम सञ्चालन भएको छ । प्रति घरपरिवार ५ वटाका दरले ५०० वटा बाख्रा सरिद गरेर किसानलाइ प्रदान गरिएको छ । प्रजननको लागि १० वटा बोका, डाँलेघास बिरुवावा वितरण,औषधि पनि किसानलाइ प्रदान गरिएको नगरपालिकाले जनाएको छ । कार्यक्रम सञ्चलन भएपछि किसानहरु बाख्रापालन व्यवसायप्रति आकृसित भएका छन् । परम्परागतरुपमा बाख्रा पाल्दै आएका किसान व्यवसायिक तर्फ उन्मुख हुँदै गएको प्यूठान नगरपालिका ३ का किसान विनोद खड्काले बताए । खरिद गरिएका सबै बाख्राहरुको विमा गरिएको छ । प्यूठान नगरपालिका पशुसेवा शाखा मार्फत प्राविधिक सहयोग भएको छ । नर्ससुधारको लागि बोयरक्रस बोकाहरु अर्घाखाँचीबाट ल्याइएका छन् । किसानलाई औषधि, डाँलेघाँसको बिरुवा वितरण भएको छ । यसले बाख्रा पालनमा सहजता भएको किसानहरुको भनाइ छ ।

संघिय सरकार अन्तर्गत बाख्रापालन किसानलाई सहयोग भएपछि बाख्रापालनमा किसानहरु थप आकृसित हुने अफेक्षा नगरपालिकाले गरेको प्यूठान नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत थानेश्वर भण्डारीले बताए । बाख्राको पकेट तथा स्रोत केन्द्रको विकास,खसीको मासुमा नगरपालिका आत्मनिर्भर,रोजगारी सिर्जन आयअर्जनमा बृद्धि गरिबी न्यूनीकरण हुने अपेक्षा नगरपालिकाले गरेको छ ।

झुलेनी पोष्ट साप्ताहिक
समाचार, सूचना, विचार र विज्ञापन प्रकाशनका लागि हामिलाई सम्पर्क : ०८६-५९०४३६
Email : jhulenipyuthan@gmail.com

## अर्लि निर्वाचनको .....

अहिलेको निर्वाचन पद्धतिमा व्यक्तिले व्यक्तिगत तवरले मत नमागेर पार्टीले आफ्नो नीति, कार्यक्रमको प्रचारप्रसार गरेर मत माग्ने, जुन दल, पार्ट्टीले जिल्ला/निर्वाचन क्षेत्रमा पहिलो मत प्राप्त गर्दछ, त्यस पार्टीले अगाडि सारेको उम्मेदवार र पार्टी विजयी भएको घोषणा गर्नेगरी निर्वाचन प्रणालीमा सुधार गर्न जरुरी छ।

निर्वाचन प्रणालीमा सुधार गर्न सके निर्वाचन व्यक्तिवादी र खर्चिलो हुँदैन। अनियमितता र भ्रष्टाचार पनि न्यूनीकरण गर्न मद्दत पुग्दछ । निर्वाचन प्रणालीमा सुधार गर्ने क्रममा दलले प्राप्त गरेको मत प्रतिशतका आधारमा स्टेट फन्डिङ गरी दलले चन्दा उठाउन नपाउने, दलको चुनाव प्रचारप्रसारका लागि टेलिभिजन र रेडियोबाट जनतासमक्ष प्रचारप्रसार गर्न लगाउने, जनताकोमा मत माग्न प्रचारप्रसार गर्ने अवधि छोटो १/२ साताको मात्रै गर्ने, इलेक्ट्रोनिक भोटिङ सिस्टम लागू गर्ने आदि सुधारका क्षेत्रमा यतिखेर छलफल गर्न जरुरी छ। अहिले बहसमा स्थानीय तहको निर्वाचन अगाडि वा पछाडि गर्ने भन्ने छलफल भइरहेको छ । जसरी पनि निर्वाचन अगाडि गरिनुपर्छ नभए स्थानीय तहको आर्थिक व्यवस्थापकीय काममा व्यवधान आउँदछ। कानुनको उल्लंघन हुन्छ, संघीयतामा प्रहार हुन्छ आदि तर्क राखेको पाइन्छ। तर्कको आशय ठीकै होला पनि । तर, संविधानमा भएको व्यवस्थाअनुसार नै कानुनको पनि व्यवस्था हुनु पर्दथ्यो/ गरिनुपर्छ।

हिजो संविधानभन्दा बाहिर गएर कानुन बनाउने अनि कानुन उलंघन हुन्छ भन्नुयुक्ति संगत हुँदैन। अनि उसो भए संविधान पनि उलंघन हुन्छ नि त । चरण चरणमा निर्वाचन भएपछि शपथ लिएर जिम्मेवारी लिएपछि मात्रै जनप्रतिनिधिको पदावधि गणना हुने देखिन्छ। तर, जेठ ५ गते पछि सबै रिक्त हुन्छ भनेर असार र असोजमा भएको निर्वाचनलाई पनि पहिलो चरणको निर्वाचनको अवधिमा लगेर जेठ ५ पछाडि पदावधि कायम हुँदैन भन्नु युक्तिसंगत देखिँदैन । सम्पूर्ण स्थानीय तहका जनप्रतिनिधिको असोज १ गतेपछि मात्रै पदावधि सकिने थाहा हुँदा हुँदै निर्वाचन सार्न खोजेको भनेर अहिले संविधानविपरीत बनेको कानुनमा टेकेर सरकार र पाँच दलको गठबन्धनप्रति जुन प्रहार भएको छ। यो तर्क र प्रहार पुर्वाग्रहबाट लक्षित छ।

अतः विगतको कमीकमजोरीलाई सुधार गरेर संविधान सम्मत निर्वाचन गराउने कानुनी व्यवस्था गर्न दलहरू सहमत हुन जरुरी छ। तीनवटै तहको निर्वाचन गर्दा पदावधि समाप्त भएको स्थानीय तहको हकमा राम्रो थिति पद्धतिबाट एकैपटक निर्वाचन हुने अर्थमा पदावधि समाप्त भएको हकमा अर्को निर्वाचन नभएसम्म व्यवस्थापकीय काम गर्न विशेष व्यवस्था पनि गरेर जानुपर्ने देखिन्छ। राम्रो पद्धति बसाउन विशेष निर्णय गरेर जान पनि दलले हिम्मत गर्नै पर्दछ।

मुख्य कुरा निर्वाचन यथा समयमा हुनुपर्छ । निर्वाचनमा देखिएको विकृति र विसंगति पनि हटाउने गरी निर्वाचन प्रणालीमा सुधार गर्न र तीनवटै तहको निर्वाचन एकैपटक गर्न संवैधानिक, कानुनी र व्यवस्थापकीय सुधार र व्यवस्थापन गर्न राजनीतिक दल सहमतिमा आउन जरुरी छ। यदि राम्रो र मितव्ययी निर्वाचन हुन सके यसले पनि मुलुकमा बढ्दै गएको अनियमितता र भ्रष्टाचारलाई अन्त्य गर्न मद्दत पुऱ्याउनेछ र स्वच्छ, निष्पक्ष र धाँधलीमुक्त निर्वाचन गरेर लोकतन्त्रलाई सबल र सुदृढ गर्न मद्दत पुग्ने विश्वास लिन सकिन्छ ।

*राजधानी दैनिकबाट साभार।*

| | |
|---|---|
| कार्यक्रमको नाम | : मरन्ठाना स्मार्ट कृषि गाउँ कार्यक्रम |
| स्थान | : प्यूठान नगरपालिका वडा नं. ९, मरन्ठाना प्यूठान |
| कार्यक्रम सुरु भएको आ.व. | : २०७५/०७६ |
| चालु आ.व. | : २०७८/०७९ |
| संयोजकको नाम र सम्पर्क नं. | : दिपेन्द्र के.सी. (९८५७८३६१२८) |

कार्यक्रम सञ्चालन गर्ने कार्यालय : एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठान
प्यूठान नगरपालिकाको कार्यालय विजुवार प्यूठान, प्यूठान न.पा. वडा नं. ९ र १०, प्यूठान

# प्रस्ताव आह्वान सम्बन्धी सुचना

प्रथम पटक सुचना प्रकाशित मिति : २०७८ माघ ११ गते

एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठान मार्फत सञ्चालित कार्यक्रम यस मरन्ठाना स्मार्ट कृषि गाउँ कार्यक्रम अन्तर्गत चालु आ.व. २०७८/०७९ का लागि तपसिल बमोजिमको बजेटमा नबढ्ने गरी यस कार्यक्रमद्वारा प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ दिन (२०७८ माघ २५ गते) भित्र तपसिलको विवरण सहित इच्छुक बिक्रेता, फर्म, कृषि समुह/सहकारी/बजार समुहले आवश्यक कागजात प्रस्ताव सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशन गरीएको छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| कार्यक्रम, क्रियाकलाप | परिमाण | अनुमानित लागत (मु.अ.क.सहित) |
|---|---|---|
| मिनिटिलर खरिद ५-७ HP किसान क्राफ्ट | १२ | १३,८०,०००|- |

संलग्न हुनुपर्ने कागजातहरु :

१) प्रस्तावनाको निवेदन पत्र सहित दस्तुर रु.१,०००|-
२) फर्म दर्ताको नविकरण सहितको प्रमाण पत्र।
३) स्थानीय लेखा नं. प्रमाण पत्र।
४) आ.व. २०७७/०७८ को करचुक्ता प्रमाण पत्र।
५) कार्ययोजना अनुसारको प्रस्ताव पत्र।
६) कृषि समुह/सहकारी/बजार समुह भएमा प्रस्ताव माग गरिएको निर्णयको प्रतिलिपि।
७) प्रस्ताव पेश गर्ने (आधिकारिक व्यक्ति) को नागरिकताको प्रतिलिपि।

## जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौ

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं ।
- न्यानो कपडा लगाऔं । घाम वा आगो तापौं। तेल मालिस गरौं ।
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं ।
- ताजा र पौष्टिक खानेकुरा खाऔं ।
- जाडोबाट बच्ने नाममा धुम्रपान तथा मध्यपान नगरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीहरुसँग परामर्श लिऔं।

अनुरोधक :
स्वास्थ्य कार्यालय, प्यूठान

## माघ महिनामा गरीने कृषि कर्मबारे जानीराखौं ।

- वर्षे आलु लगाई सक्ने बेला भयो ।
- पतझड फलफूलको काँटछाँट गरी बोर्डो पेष्ट लगाउने ।
- हिउँदे फलफूलको बिरुवा लगाउने । फलफूलको काँटछाँट गरी मल दिई सिंचाई गर्ने र फेदमा मल्चीङ गर्ने ।
- माटो परिक्षणको लागी प्रयोगशाला वा माटो शिविरमा पठाउने ।
- मकैबाली लगाउनको लागि जमिन खन जोत गरी कम्पोष्ट मल मिलाई जग्गा तयार गर्ने ।
- कन्ये च्याउन खेती सुरु गर्ने ।

## नगरवासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।
१२) नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, विजुवार प्यूठान

## स्वास्थ्य कार्यालय प्यूठानको
## कोभिड १९ बिरुद्धको खोप लगाउने सम्बन्धि सुचना

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८/०८/२८ को निर्णय तथा जिल्ला कोभिड १९ खोप समन्वय तथा अनुगमन समिति प्यूठानको मिति २०७८/१०/०३ को बैठकको निर्णय अनुसार तपशिल बमोजिम बुस्तर डोज (थप मात्रा) र दोस्रो मात्रा खोप लगाउने निर्णय भएकोले तोकिएको लक्षित समुहका व्यक्तिहरु तपशिल बमोजिमका पायक पर्ने खोप केन्द्रमा गई कोभिड १९ बिरुद्धको बुस्तर तथा दोस्रो मात्रा खोप लगाउनुहुन अनुरोध छ।

| खोपको नाम | बुस्टर डोज खोप मिति | दोस्रो मात्रा खोप सं.मिति | खोप संचालन हुने स्थान (न.पा./गा.पा.) | लक्षित समुह |
|---|---|---|---|---|
| काभिडशिल्ड र भेरोशिल | २०७८।१०।६ गते देखि | | प्यूठान नगरपालिका सापडाडा स्वास्थ्य चौकी<br>स्वर्गद्वारी नगरपालिका प्राथमिक स्वास्थ्य सेवा केन्द्र भिगृ<br>गौमुखी गाउँपालिका पुजा स्वास्थ्य चौकी<br>झिमरुक गाउँपालिका ओखरकोट स्वास्थ्य चौकी<br>नौबहिनी गा.पा. सामुदायीक स्वास्थ्य ईकाइ, बाहाने<br>मल्लरानी गा.पा. प्राथमिक स्वास्थ्य सेवा केन्द्र खलंगा<br>माण्डवी गाउँपालिका देविस्थान स्वास्थ्य चौकी<br>ऐरावती गाउँपालिका बरौला स्वास्थ्य चौकी<br>सरुमारानी गा.पा. आधारभुत स्वास्थ्य सेवा केन्द्र बड्डाडा | पहिलो, दोस्रो मात्रा खोप पुरा गरेका र दोस्रो मात्रा खोप लगाएको ६ महिना पुरा भएका अग्रपङ्तीमा काममा खटिने र सार्वजनिक सेवामा कार्यरत व्यक्तिहरु (खोप लगाउन जाँदा यस अघि खोप लगाएको खोप कार्ड र परिचय पत्र अनिवार्य लैजानुहोला) |
| एस्ट्राजेनिका/ कोभिडशिल्ड | | २०७८।१०।९ गते देखि | पहिलो मात्रा खोप संचालन गरिएका स्वास्थ्य संस्था एवं खोप केन्द्रहरु | पहिलो मात्रा एस्टाजेनिका/ कोभिडशिल्ड खोप लगाएका १८ वर्ष माथिका पहिलो मात्रा खोप लगाएको ८ हप्ता पुरा भएका नागरिकहरु |

नोट : हालसम्म कोभिड १९ बिरुद्धको कुनैपनि मात्रा खोप नलगाएका १८ वर्ष माथिका नागरिकहरुका लागि सबै स्थानीय तहमा नियमित रुपमा ज्यान्सन एण्ड ज्यान्सन खोप संचालन भईरहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

## नगरपालिका वासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।

२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।

3) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।

४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।

५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।

६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।

७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।

८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।

९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।

१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।

११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

१२) नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**स्वर्गद्वारी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, भिंगृ प्यूठान


तपाइको घर तथा अफिस सजाउने जिम्मेवारी अब हाम्रो ......

**राज डेकोर होम**





घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि एउटै छानामुनी सुपथ मुल्यमा उपलब्ध छ

तपाइको घर तथा अफिस अफिसको साथी ......

**हाम्रो राम्रो डेकोर एण्ड मल्टि सप्लायर्स**

प्रो. सन्देश आचार्य (९८५७८३१९४७, ९८४८१६५१४७)



घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।

**कृषि तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस**

उन्नत स्थानीय र हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिऊ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैसी र बाख्राका दाना, गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लेयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला।

व्यवस्थापक :कल्पना शर्मा पौडेल
प्राविधिक सल्लाहकार : गिरीराज पौडेल

**किसान एग्रोभेट,**
**किसान एग्री एण्ड फिड सप्लायर्स**
**प्यूठान न.पा-४, जुम्रि प्यूठान**

**सम्पर्क फोन : ९८४७८३९१४३, ९८६८६६९८८**

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।

आफ्नो भनेको आफ्नै हुन्छ

# ब्याजदर
## तपाईले खोजे जस्तो



## साधारण मुद्दती निक्षेप

वार्षिक ब्याजदर: १०.०५% (व्यक्तिगत) ९.०५% (संस्थागत)

## रा.वा.बैंक विशेष मुद्दती निक्षेप

वार्षिक ब्याजदर: १०.०५% (व्यक्तिगत) ९.०५% (संस्थागत)

*सर्तहरु लागू हुनेछन्

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

आफ्नो भनेको आफ्नै हुन्छ

# बचत तपाईले चाहे जस्तो



## सामान्य बचत खाता

वार्षिक ब्याजदर: ५.०५%

## रा.वा.बैंक विशेष बचत खाता

वार्षिक ब्याजदर: ७.०५%

*सर्तहरु लागू हुनेछन्

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक


## जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।

१) जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं ।
२) जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं
३) घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री बातावरण निर्माण गरौं । सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

JHULENI
United Network Pvt.Ltd.

झुलेनी युनाइटेड नेटवर्क प्रा.लि.द्वारा सञ्चालित

www.jhulenipost.com

एकै क्लिकमा सत्य, तथ्य र निष्पक्ष खवरका लागि पढ्न र हेर्न सक्नुहुनेछ ।

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान